# नेपाल सरकार

**प्रदेश प्रमुख**
**बागमती प्रदेश**
**हेटौंडा, मकवानपुर**

## महाशिवरात्री पर्व २०८२, को शुभकामना सन्देश

महाशिवरात्री पर्व, २०८२ को पावन अवसरमा बागमती प्रदेश लगायत स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा सुख शान्ति तथा समृद्धिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

नेपाल भुमिसंग भगवान् शिवको सम्बन्ध विभिन्न वैदिक ग्रन्थमा वर्णन गरिएको पाईन्छ । शिवोत्पति भएको विश्वास गरिने मानसखण्डको भू-भाग, शिवको विचरणस्थल मानिने हिमवत्खण्डको मुख्य भूगोल एवं निवासस्थल मानिने पवित्र पाशुपत क्षेत्र नेपालमा रहनु हाम्रा लागि मात्र नभई समस्त हिन्दुहरुको लागि पनि गौरवको विषय हो । हाम्रो मुलुकका धैरै धार्मिक सम्प्रदायभित्र विद्यमान सनातन संस्कृतिमा शिवसंग सम्बन्धित आस्था र विश्वास निरन्तर प्रतिविम्वित भएको पाइन्छ । तसर्थ, आराध्यदेव पशुपतिनाथ एवं किरांतेश्वर महादेवलाई साक्षात् शिवस्वरुप मानेर आस्था राख्ने विश्वभरिका श्रद्धालुहरुका लागि नेपाल सदैव आध्यात्मिक चिन्तनको केन्द्र रहिआएको छ ।

वैदिक परम्परामा शिवलाई मूलतःसंहारका शक्ति मानिएको भएतापनि शिवशक्तिमा सौम्य तथा रौद्र दुवै स्वरुप समाहित छन्, जसले प्रकृतिको सिर्जनात्मक एवं संहारकारी शक्तिलाई बराबर प्रतिनिधित्व गर्दछन् । निर्जल व्रत, रात्रि जागरण, चार प्रहरको पूजा एवम् शिव महिमा किर्तन शिवरात्री पूजा अर्चनाका मुख्य अङ्ग मानिन्छ भने शिवरात्रिको पालनाले योग र मोक्ष दुवैको प्राप्ति हुन्छ भन्ने धार्मिक विश्वास रहि आएको छ ।

शिवरात्रिको यस पावन अवसरमा हामीले पाशुपत क्षेत्रसहित देशका विभिन्न भागमा रहेका सांस्कृतिक एवं धार्मिक सम्पदाहरुको यथोचित संरक्षण एवं संवर्द्धन गर्न प्रण गर्नुपर्दछ । पुर्खाको नासोका रुपमा हामीले पाएका सम्पदालाई मौलिक स्वरुपमा भावी पुस्तासमक्ष हस्तान्तरण गर्नु हाम्रो दायित्व हो । वागमती सभ्यता विकास भएको वागमती नदीलाई स्वच्छ र सफा राखिरहनका लागि आजका दिनले सबैलाई प्रेरणा मिल्ने विश्वास लिएको छु ।

अन्त्यमा, महाशिवरात्रि पर्व, २०८२ ले नेपाली समाजलाई प्रगतिको बाटोमा अग्रसर गराउंदै हामी सबैको जीवनमा आध्यात्मिक जागरणको नयां उज्यालो छर्न सकोस् भनि पुनः शुभकामना व्यक्त गर्दछु ।

**२०८२ साल फागुन ०३ गते, आइतबार**
**ने. सं. ११४६ सिल्लागा: त्रयोदशी**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**

Archived at https://infobank.bagamati.gov.np